जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ अंक : २३५ २०८२ साल चैत्र ०७ गते, शनिबार Saturday, Mar.– 21 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## बाराबाट भारत सीमामा तस्करीको सञ्जाल उदांगो : एसएसबीले ६० लाखको फर्सी बीउ बरामद, “सेटिङ” आशंकाले उठायो गम्भीर प्रश्न

***संवाहक सम्वादाता**-६चैत्र, कलैया*

बारा-भारत सीमाक्षेत्र हुँदै लामो समयदेखि सञ्चालन हुँदै आएको बीउ तस्करीको संगठित सञ्जाल पछिल्लो संयुक्त कारबाहीपछि पुनः चर्चामा आएको छ। भारतीय सुरक्षा निकाय सशस्त्र सीमा बल ( एसएसबी) र राजस्व गुप्तचर निर्देशनालय (डीआरआई) को समन्वयमा गरिएको अपरेशनमा विहिवार करिब ६० लाख रुपैयाँ बराबरको फर्सीको बीउसहित एक ट्रक नियन्त्रणमा लिइनुका साथै दुई जनालाई पक्राउ गरिएको हो।





एसएसबी ७१औँ बटालियन मोतिहारी अन्तर्गतको इन्टेलिजेन्स शाखालाई प्राप्त गोप्य सूचनाका आधारमा सञ्चालन गरिएको उक्त अपरेशनले सीमावर्ती क्षेत्रमा सक्रिय सुनियोजित तस्करी सञ्जालको संरचना उजागर गरेको छ।

अनुसन्धान अनुसार बारा र रौतहटका सिम्रौनगढ, कवही तथा बन्कुल क्षेत्रबाट मोटरसाइकलमार्फत बीउ भारततर्फ पुर्याई एकै स्थानमा संकलन गरिन्थ्यो र त्यसपछि ट्रकमार्फत अन्य सहरमा पठाउने योजना बनाइएको थियो।

भारतको बसवरिया गाउँ ( घोडासहन थाना क्षेत्र) मा जम्मा गरिएको बीउ यूपी नम्बरको ट्रकमा लोड गरी दिल्लीतर्फ लैजाँदै गर्दा सीमा स्तम्भ नं. ३५७ आसपास घोडासहन-ढाका सडकखण्डबाट नियन्त्रणमा लिइएको हो। कारबाहीका क्रममा ३०० बोरा ( करिब ११ हजार ५५० केजी) फर्सीको बीउ बरामद गरिएको छ। पक्राउ पर्नेमा उत्तर प्रदेशका मोहम्मद हसिब र मोहम्मद सलमान रहेका छन्। प्रारम्भिक अनुसन्धानमा उनीहरूले बीउ दिल्ली लैजाँदै गरेको स्वीकार गरेको एसएसबीले जानकारी गराएको छ।

तर, सिमामा नेपाली सुरक्षाकर्मी बोर्डरको अगाडी शसस्त्र प्रहरी त्यसको केही मिटर पछाडी नेपाल प्रहरी कहि कहि त संयुक्त टोलीको जाँचमा नआएको र पारीले समाएको यो घटनालाई स्थानीयले पृथक् कारबाहीभन्दा पनि दीर्घकालीन रूपमा मौलाउँदै आएको तस्करी सञ्जालको एउटा नमुना मात्र भएको बताएका छन्। बारा जिल्लाका मटिअर्वा, सिम्रौनगढ, कवहीगोठ लगायतका नाकाबाट लामो समयदेखि कृषि सामग्री, लत्ता-कपडा, खाद्यान्न तथा अन्य महँगा सामानको अवैध ओसारपसार निर्बाध रूपमा हुँदै आएको गुनासो बढ्दै गएको छ।

स्थानीयका अनुसार सीमावर्ती क्षेत्रमा दिनदहाडै मोटरसाइकलको लहर बनाएर सामान ओसार्ने क्रम सामान्य बन्दै गएको छ। कतिपय अवस्थामा १० देखि २० वटा मोटरसाइकल एकै लाइनमा प्रहरी चौकी आसपासबाटै गुड्ने र सामान पार गर्ने गरिएको दृश्य देखिन्छ। कवहीगोठ नाकाबाट बरियारपुर, गंजभवानीपुर हुँदै कोल्हबी तथा उत्तरी भेगसम्म सामान सहजै पुर्याइने गरिएको छ।

कलैया क्षेत्रमा भने तस्करीको ‘हब’ नै विकास भएको आरोप छ। यहाँ ठूला गोदाममा सामान भण्डारण गरी पछि टाटा सुमो, कार तथा अन्य सवारीमार्फत पहाडी जिल्लासम्म पठाउने गरिएको स्थानीय स्रोतले बताएका छन्। केही चालकहरूले ‘नजराना’ बुझाएर सजिलै सामान ओसारपसार हुने गरेको दाबी गरेका छन्।

अझ गम्भीर कुरा, केही स्रोतले तस्कर र सुरक्षा निकायबीच ‘सेटिङ’ रहेको आरोपसमेत लगाएका छन्। कथित रूपमा उच्चस्तरीय संरक्षणमा ठूलो परिमाणमा सामान सुरक्षित रूपमा गन्तव्यसम्म पुर्याइने गरिएको दाबीले सुरक्षा संयन्त्रप्रति नै प्रश्न खडा गरेको छ। केही स्थानमा तस्करीका सामान गोदामसम्म पुर्याउन ‘स्कटिङ’ नै हुने गरेको आरोप पनि स्थानीयले

बाँकी तेस्रो पृष्ठमा

## बिरगंज यातायात कार्यालयमा लाइसेन्स माफियाको जालो: कार्यालय प्रमुख साहमाथि गम्भीर आरोप

***संवाहक सम्वादाता**-६चैत्र, कलैया*

यातायात व्यवस्था कार्यालय बिरगंजमा हालै सेवा र पारदर्शितामा देखिएको अनियमितताले सामाजिक सञ्जाल र स्थानीय सर्वसाधारणबीचै आक्रोश पैदा गरेको छ। कार्यालय प्रमुख कुशेश्वर साहमाथि ‘सेटिङ्गमा ज्यानमारा सवारी अनुमतिपत्र वितरण’ गर्ने गम्भीर आरोप लगाइएको छ।





स्थानीय र सेवाग्राहीका अनुसार, पढ्न नजान्ने वा लिखित परीक्षामा असफल भएका व्यक्तिलाई समेत कर्मचारीको ‘सेटिङ’ मार्फत पास देखाएर लाइसेन्स वितरण गरिन्छ। लिखित नतिजा सार्वजनिक भए पनि, ट्रायल नतिजा लुकाइ हप्तौंसम्म बिचौलियामार्फत लाखौं रुपैयाँ कमाउने माध्यमको रूपमा प्रयोग गरिन्छ।

“एक हप्तामा हजारौं अयोग्य व्यक्तिलाई लाइसेन्स वितरण गरिन्छ, मोटरसाइकलदेखि हेभी गाडीसम्म दर रेट तोकिएको छ – स्कुटी वा मोटरसाइकलको १० हजारदेखि हेभी गाडीको ७०-८० हजारसम्म,” स्थानीय स्रोतले बताएका छन्।

यस अनियमिततामा ट्राफिक र ट्रायल प्रमुखको मिलेमतो मुख्य भूमिका खेलेको बताइन्छ। ट्रायलको अन्तिम नतिजा ट्राफिकले निर्णय गरे पनि, प्रवेश पत्र र पासको वितरण सिधै कार्यालय प्रमुखको नियन्त्रणमा रहेको देखिन्छ। यसले सडकमा दुर्घटना, घाइते र मृत्युसम्मको जोखिम बढाएको स्थानीयहरू बताउँछन्।

सेवाग्राहीहरूले भनेका छन् कि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत लिखित परीक्षाको सीसीटीभी फुटेज छानबिन गर्न नसक्नु, कार्यालय प्रमुख साहको दम्भपूर्ण व्यवहार र पारदर्शितामा कमजोरीलाई देखाएको छ।

बाँकी तेस्रो पृष्ठमा

## नेपालभर ईद-उल-फित्रको उल्लास: बारा सहित विभिन्न जिल्लामा हर्षोल्लासका साथ मनाइँदै

***संवाहक सम्वादाता**-६चैत्र, कलैया*

इस्लाम धर्मावलम्बीहरूको महान पर्व ईद-उल-फित्र शनिबार बारा लगायत देशभर हर्षोल्लासका साथ मनाइँदैछ। एक महिनासम्मको पवित्र रमजान अवधिभर रोजा (उपवास) पूरा गरेपछि आउने यस पर्वलाई मुस्लिम समुदायले विशेष धार्मिक र सामाजिक महत्वका साथ मनाउने गर्छन्।

रमजान महिनाभर सूर्योदयदेखि सूर्यास्तसम्म उपवास बस्दै आत्मसंयम, धैर्यता र आध्यात्मिक शुद्धताको अभ्यास गरिन्छ। अन्तिम शुक्रबारको जुमाको नमाज सम्पन्न भएपछि ईद पर्वको औपचारिक सुरुवात हुन्छ। ईदको दिन बिहानै





मस्जिद तथा ईदगाहमा विशेष नमाज अदा गरी मुस्लिम धर्मावलम्बीहरूले अल्लाहसँग शान्ति, सुख, समृद्धि र सम्पूर्ण विश्वमा अमनचैनको कामना गर्दै दोवा (प्रार्थना) गर्छन्।

पर्वका अवसरमा एकअर्कासँग अँगालो हाल्दै “ईद मुबारक” भन्ने परम्पराले आपसी प्रेम, सद्भाव र

बाँकी तेस्रो पृष्ठमा

## रास्वपा नयाँ सरकार गठनमा जुट्यो: मन्त्रालय संख्या घटाउने र प्रमुख पदको बाँडफाँटमा छलफल

***६ चैत्र, काठमाडौं ।***

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुई-तिहाइ सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नयाँ सरकार गठनको तयारीमा छ। पार्टीभित्र मन्त्रालय संख्या घटाउने र प्रमुख पद बाँडफाँट गर्ने विषयमा सक्रिय छलफल भइरहेको छ।



पार्टीका एक वरिष्ठ पदाधिकारीका अनुसार, मन्त्रिपरिषद् १५-१८ मन्त्रालयमा सीमित गर्ने तयारी छ। यसअनुसार, उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्लेलाई क्रमशः गृह मन्त्रालय र अर्थ मन्त्रालयको जिम्मेवारी दिने तयारी भइरहेको छ।

त्यस्तै, महामन्त्री सुनिल लम्साल, प्रवक्ता मनिष झा, सांसदहरू शिशिर खनाल, सोबिता गौतम, राजुनाथ पाण्डे र सस्मित पोखरेललाई पनि मन्त्री बनाउने विषयमा छलफल भइरहेको बताइएको छ। शिशिरलाई परराष्ट्र, सोबितालाई कानुन मन्त्रालय दिने सम्भावना रहेको स्रोतले जनाएको छ।

सरकार गठनसँगै प्रधानमन्त्री बालेन शाहको शपथ कार्यक्रममा विदेशी राष्ट्राध्यक्षहरूलाई निम्तो दिने तयारी पनि जारी छ। सांसदहरूले चैत १२ गते शपथ ग्रहण गर्ने र भोलिपल्ट प्रधानमन्त्रीको शपथ गर्ने तयारी रहेको छ।

बिहीबार साँझ रास्वपा सभापति रवि लामिछाने, वरिष्ठ नेता शाह, उपसभापतिद्वय अर्याल र वाग्लेबीच पनि मन्त्रालय बाँडफाँट र सरकार गठन सम्बन्धी विस्तृत छलफल भएको बताइएको छ।

यो घटनाले रास्वपाको भित्री रणनीति, नेतृत्व संरचना र सरकार गठन तयारीको तस्वीर सार्वजनिक गरेको छ, जसले आगामी दिनमा नयाँ सरकारले सञ्चालन गर्ने नीति र प्राथमिकताबारे संकेत दिएको छ।

इस्लाम धर्मावलम्बीहरूको महान पर्व ईद-उल-फित्रको पावन अवसरमा हार्दिक शुभकामना।

**ईद मुबारक**

यो पवित्र पर्वले सम्पूर्ण मानव समाजमा आपसी सद्भाव, प्रेम, भाईचारा र एकताको भावना अझ प्रगाढ बनाओस् भन्ने कामना गर्दछौं। अल्लाहले सबैमा शान्ति, अमनचैन, सहिष्णुता र समृद्धि प्रदान गरून्।

यस खुशीको अवसरमा सम्पूर्ण मुस्लिम दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, स्वास्थ्य र समृद्धिको कामना व्यक्त गर्दछौं।





– संवाहक राष्ट्रिय दैनिक परिवार

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## बढ्दो सार्वजनिक ऋण : भविष्यका पुस्तामाथि बढ्दो भार

नेपाल सरकारको सार्वजनिक ऋण झण्डै २९ खर्ब रुपैयाँ नजिक पुग्दै गर्दा “प्रत्येक नेपालीको टाउकोमा करिब एक लाख ऋण” भन्ने तथ्य केवल एउटा आर्थिक आँकडा मात्र होइन, यो मुलुकको आर्थिक दिशाबारे गम्भीर चेतावनी पनि हो। चालु आर्थिक वर्षको आठ महिनामै करिब २ खर्बभन्दा बढी ऋण थपिनु र ऋणको कुल आकार २८ खर्ब ७८ अर्ब रुपैयाँ पुग्नुले वित्तीय अनुशासन कमजोर बन्दै गएको संकेत गर्छ। ऋण लिनु आफैंमा गलत होइन। विकासोन्मुख देशका लागि पूर्वाधार निर्माण, उत्पादनशील क्षेत्रमा लगानी र आर्थिक विस्तारका लागि ऋण अपरिहार्य हुन्छ। तर समस्या तब उत्पन्न हुन्छ, जब ऋणको उपयोग प्रभावकारी हुँदैन र प्रतिफल दिने क्षेत्रमा लगानी हुँदैन। नेपालमा ऋणको ठूलो हिस्सा चालु खर्च धान्न र पुराना दायित्व तिर्नमै खर्च हुने प्रवृत्ति देखिन्छ, जसले दीर्घकालीन आर्थिक लाभभन्दा बोझ मात्रै थप्ने खतरा बढाउँछ। हाल सार्वजनिक ऋण जीडीपीको करिब ४७ प्रतिशत पुगिसकेको छ। यो अन्तर्राष्ट्रिय रूपमा “खतरा रेखा” भन्दा तल भए पनि तीव्र गतिमा बढिरहेको दरले चिन्तित बनाउँछ। अझै गम्भीर कुरा के छ भने सरकारले उठाएको ऋणको तुलनामा तिर्नुपर्ने सावा र ब्याजको भार उच्च छ। चालु आर्थिक वर्षमै ४ खर्बभन्दा बढी रकम ऋण भुक्तानीमा खर्चिनुपर्ने लक्ष्यले विकास खर्चलाई थिच्ने स्पष्ट संकेत दिएको छ। यसबीच, सरकारले लक्ष्य अनुसार ऋण उठाउन नसक्नु र राजस्व संकलन पनि अपेक्षाकृत कमजोर रहनु अर्को चुनौती हो। यसले सरकारलाई थप ऋण लिन बाध्य बनाउनेछ, जसले ऋणको चक्रलाई अझ गहिरो बनाउने जोखिम छ। यदि यही प्रवृत्ति जारी रह्यो भने भविष्यका पुस्ताले अझ ठूलो आर्थिक भार बोक्नुपर्नेछ। अब आवश्यक छ–ऋण लिनेभन्दा पहिले त्यसको उपयोगबारे गम्भीर पुनर्विचार। ऋणलाई उत्पादनशील क्षेत्र, रोजगारी सिर्जना र निर्यात वृद्धि गर्ने परियोजनामा केन्द्रित गर्नुपर्छ। साथै, अनुत्पादक खर्च नियन्त्रण, राजस्व दायरा विस्तार र पारदर्शी वित्तीय व्यवस्थापन अपरिहार्य छ। अन्ततः, सार्वजनिक ऋणको बढ्दो भार केवल सरकारको समस्या होइन, यो प्रत्येक नागरिकसँग जोडिएको विषय हो। आज लिएको ऋण भोलिको पुस्ताले तिर्नुपर्ने हुन्छ। त्यसैले जिम्मेवार नीति, प्रभावकारी कार्यान्वयन र दीर्घकालीन सोचबिना ऋण लिने प्रवृत्ति निरन्तर रहिरह्यो भने आर्थिक स्वतन्त्रता कमजोर बन्ने खतरा टाढा छैन।

# नयाँ बाटो रोज्ने अवसर




नेपालको इतिहासमा एकपछि अर्को गर्दै रोचक आकस्मिकता दोहोरिन थालेका छन् । गत २०८२ साल भदौ २३ गते जेनजी विद्रोह, त्यसपछिको नरसंहार अनि भदौ २४ को विध्वंस, ती आकस्मिकता आफैँमा भयानकताका पराकाष्ठा थिए । खरानीको थुप्रोबाट उठेर राष्ट्र अनि लोकतन्त्र फेरि एक पटक टक्टक्किएर उभिन खोज्यो । फागुन २१ त्यसैको एक पर्याय थियो । आन्दोलनपछिको समयमा लगभग अनिश्चित जस्तै बनेको फागुन २१ आखिर निकै भव्यताका साथ बिदा भयो । नेपाली राजनीतिक इतिहासका लागि यो अर्को एउटा रोचक आकस्मिकता रह्यो । मतपरिणाम त्यसको अर्को पर्याय हो ।

२०८२ फागुन २१ सम्म आइपुग्दा नेपाली राजनीतिका कैयौँ घनघोर प्रहारसँग ठोक्किनुपर्ने हुन्छ । यहाँसम्म आइपुग्दा नेपाली राजनीतिभित्र बेथितिका कैयौँ जँघारसँग जुध्नु परेको थियो । असामान्य लाग्ने तर नेपाली राजनीतिभित्र बुर्कुसी मारिरहेका कैयौँ यस्ता कागताली जेलिएका पनि थिए । यी सबै जञ्जालै जञ्जालमा आफ्नो भविष्य छेकिएका नवपुस्ताले नापेको यो विद्रोहको बाटोमा नेपाली राजनीतिका धेरै आयाम गाँसिएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउनु त्यसको एउटा कारक थियो । कम्तीमा ७६ जनाभन्दा धेरै कलिला जीवनको संहार भएको त्यो आन्दोलनको परिणाम ओली सरकार केही घण्टामै ढल्यो । त्यसपछि राष्ट्रपति रामचन्द्र पौडेलले सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्नुभयो ।

कार्की नेपालको एउटा त्यस्तो प्रभावशाली महिला हुनुहुन्छ, जसले देशको सर्वोच्च न्यायालयको समेत नेतृत्व गरिसक्नुभएको छ । नेपालको न्यायिक इतिहासमा पहिलो प्रधानन्यायाधीश भइसकेकी सुशीला कार्कीको नेतृत्व क्षमताका कारण फागुन २१ को चुनाव पनि सम्भव भयो । आफ्नै जीवनकालमा उहाँले नेपाली राजनीतिमा दोहोरो इतिहास लेखाउनुभएको छ । इतिहासले सधैँ सम्झिरहने एउटा नाम सुशीला कार्की पनि हो । उहाँकै कारण अनिश्चित भइरहेको फागुन २१ को चुनाव पनि अप्रत्याशित परिणाम दिएर सकिएको छ । त्यो पनि निकै सानदार, भव्य अनि शान्तिपूर्ण तरिकाले । यही निर्वाचनले नेपालको राजनीतिक इतिहासमा फेरि अर्को रोचक परिणाम दिएको छ । दुई वर्षअघिको निर्वाचनबाट राष्ट्रिय राजनीतिमा सानदारसँग उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले यो चुनावमा अप्रत्याशित सिट हासिल गर्‍यो । यो नेपालको संसदीय राजनीतिमा बिरलै देखिने परिणाम हो । १८२ सिटमा राष्ट्रिय स्वतन्त्र पार्टीले जित हासिल गरेको छ । यो भनेको दुई तिहाइ नजिक हो । नेपालको ऐतिहासिक राजनीतिक दलका रूपमा चिनिएको नेपाली कांग्रेस यसपालिको चुनावबाट फेरि इतिहासकै सबैभन्दा अर्को नमिठो हारले रन्थनिएको छ ।

भर्खर उदाएको एउटा पार्टीले झन्डै दुई तिहाइ सिट पुर्‍याउँदा यत्रो इतिहास बोकेको राजनीतिक दलको यो परिणाम निकै लज्जास्पद पनि हो । दोस्रो स्थानमा कांग्रेस ३८ सिटमा सीमित रह्यो । त्यस्तै अर्को पुरानो भनिएको नेकपा एमाले २५ सिटमा खुम्चिएको छ । कैयौँ घटक मिलेर एकीकृत बनेको नेपाली कम्युनिस्ट पार्टीको हालत पनि त्यस्तै भयो । राजनीतिमा अनेक सम्भावना हुन्छन् । सम्भावना एकपछि अर्को गर्दै आउने जाने भइरहन्छन् । तथापि यो अद्भूत परिणामले अहिले नेपाली राजनीतिमा ठुलै हलचल निम्त्याएको छ । एउटा पार्टीले नवयुवालाई देशको भावी प्रधानमन्त्रीका रूपमा अघि सार्दा रास्वपाको जुन चुनावी लहर आयो, त्यो मात्रै एक राजनीतिक लहरमै सीमित रहेन । बरु त्यो त एउटा चुनावी बाढी भएर सबैलाई बगायो । जसरी वर्षामा उर्लिएको बाढीले के राम्रो वा के नराम्रो भन्ने मतलव राख्दैन, यसपालि त्यस्तै भयो । रास्वपाको राजनीतिक भेलले सबलाई बगायो । रास्वपाले प्रधानमन्त्रीका रूपमा अघि सारेका बालेन्द्र (बालेन) शाहले एक जना पुराना राजनीतिक खेलाडीलाई पराजित गरिदिए । त्यो पनि अहिलेसम्मकै सर्वाधिक ५० हजार मतको अन्तरले । यसपालि चुनावले ल्याएका यस्ता धेरै अद्भूत दृश्य छन् ।

राजनीतिले मात्रै इतिहास, विगत वा वर्तमान र भविष्यलाई मात्रै दिशा निर्देश गरिरहेको छैन । बरु दक्षिण एसिया र अर्को विश्वलाई समेत नेपालको राजनीतिक उभार अनि यहाँको युवा लहरको सकारात्मक सन्देश दिइरहेको छ । विश्वको कुनै एक ठाउँमा चलेको लहरले नेपालमा पनि जेनजी विद्रोह निम्त्याएको थियो । त्यसबाट राजनीतिमा चलेको बतास बिस्तारै हुरी बनेर आयो फागुन २१ मा । यसले विश्वभर नै युवा राजनीतिको लहरलाई अझ बल थपेको छ । इतिहासमा माओवादी युद्धपछि लगभग पहिलो पटक यति धेरै नेपालका चुनावी खबर अन्तर्राष्ट्रिय सञ्चार माध्यममा हेडलाइन बन्न सके ।

नेपालको यो चुनावले सारा विश्वलाई राम्रोसँग सन्देश दिएको छ कि युवाले परिवर्तन गर्न सम्भव छ । नयाँपुस्ताले चाह्यो भने राजनीतिमा त्यही शैलीको पुनरावृत्ति परिवर्तन गर्न सम्भव छ । अर्थात् पुस्ता परिवर्तनको इतिहास लेख्न युवाले पनि सक्छन् । परिवर्तनको लहर कसैले ल्याएर पनि ल्याइँदैन, अनि छेकेर पनि छेकिँदैन । यो जनमतमा मात्रै हुन्छ । त्यो कसैको पनि वशमा हुँदैन । कसैको नहुनुको अर्थ अरूको पनि हुन सक्छ भन्ने पनि हो । त्यसैले यो चुनाव नेपाल र नेपालीका लागि नभएर सारा विश्वका लागि एक सिकाइ, चिन्तन र वैश्विक मन्थनको विषय पनि भएको छ ।

यस्तो किन भयो ? कसरी भयो ? अब त्यतातिर बहस गर्नुको कुनै तुक छैन । किनकि लोकतन्त्रमा जनताको मत नै अन्तिम फैसला हो । यो फैसलालाई कसैले अस्वीकार गर्न पनि सक्दैन वा अर्को समय नआउँदासम्म कसैले बदल्न पनि सक्दैन । जनताको फैसला के हुन्छ ? जनतालाई नै थाहा हुन्छ । त्यो कुनै पनि कुराले नाप्न सकिँदैन भन्ने गतिलो उदाहरण पनि यसपालिको निर्वाचनमा देखिएको छ । निर्वाचनमा सबै प्रकारका उम्मेदवारले चुनाव जितेका छन् । आखिर चुनावमा जितहारको मापन के हो ? अहिलेसम्म गरेका काम, योगदानले त्यसमा अर्थ राख्छन् ? राख्दा रहेनछन्, मन जित्नु अनि मतले जित्नु फरक विषय हुन् । किनकि कुनै ठाउँमा रहँदा विकास र समृद्धिका लागि थुप्रै काम गरेका उम्मेदवारले पनि यो निर्वाचनमा पराजय बेहोर्नु परेको छ । के पैसा बगाउँदैमा वा पैसा बाँड्दैमा चुनाव जितिन्छ ? जितिँदैन । हामीले हरेक निर्वाचनमा पैसा खाने, मासुभात खाने, रक्सी मासु खाने भनेर मतदाताको अपमान गरिरह्यौँ । यो नै मतदाताको मनमा लागेको सबैभन्दा ठुलो चोट थियो । पैसाले जित्ने भए कैयौँ मै हुँ भन्ने पैसावाल पनि यो निर्वाचनको मैदानमा नराम्रोसँग पछारिएका छन् । त्यो हामीले देखिरहेका छौँ । नयाँले मात्रै अब चुनाव जित्छन् ? त्यो पनि सही होइन, त्यतिले मात्रै हो भने कैयौँपल्ट संसद् भइसकेका, पुराना नेताले पनि जितिरहेका छन् । विल्कुलै नयाँ पनि पराजित भइरहेकै छन् । यसरी यो चुनाव अप्रत्याशित मात्रै नभएर नेपाली राजनीतिमा हुने एउटा दुर्लभ ‘सरप्राइज’ पनि हो ।

यो चुनावले दिएको सबैभन्दा चोटिलो सन्देश- चुनाव भनेको मात्रै जितहारको अङ्कगणित होइन । त्यसको परिणाम नै सबथोकको जवाफ होइन । राजनीति भनेको जनताका आशा र भरोसालाई पूरा गर्ने एउटा त्यस्तो माध्यम हो, जसले हरेक मतदातालाई आफूले चुनेको जनप्रतिनिधि अनि आफ्नो सरकारप्रतिको अपनत्व जागोस् । लोकतन्त्रको सबैभन्दा ठुलो उपलब्धि वा भनौँ समुन्नत लोकतन्त्रको एउटा सानो अणु भनेको राज्यप्रति जनताको अपनत्व नै हो ।

त्यसैले अब बन्ने सरकारले त्यसको अपनत्व जनतालाई दिन सकोस् । यो चुनावमा देखिएको यो उत्कट चाहना अनि जनतामा चुलिएको एकदमै तीव्र आशा नयाँ सरकारका लागि आफैँमा आत्माघाती पनि हुन सक्छ । यसपालि जनताले नेपाली राजनीति वा चुनावी इतिहासमा निकै ऐतिहासिक फैसला दिएका छन् । एउटा विल्कुलै नयाँ राजनीतिक दललाई झन्डै दुई तिहाइ मत भनेको अब ढुक्कसँग काम गर्नु भनेको हो । काँग्रेस एमालेले मतदाताबाट पाएको यो झापड भनेको अब सुधारको बाटो हो, त्यो नभए सक्किने सङ्केत हो । राजनीतिको एउटा निर्मम नियम पनि यही हो कि-सच्चिने हो कि सक्किने हो, त्योबाहेक अर्को विकल्प छैन । कुरा प्रस्ट छ- फेरि पनि जनताले राजनीतिको त्यही टोट्याउने प्रवृत्ति, त्यही पुरातन शैली अनि त्यही कुलीनतन्त्र वा नागरिकलाई रैती ठान्ने हुकुमको राजनीति चाहेका छैनन् । यो भनेको पुराना दलले नयाँ बाटो रोजून् भन्ने हो, यसको अर्थ जितको उन्माद र उमङ्गमा रङमङ्गिएर नयाँले फेरि पुरानै बाटो समातोस् भन्ने पनि होइन ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## संयुक्त राष्ट्रसङ्घद्वारा मध्यपूर्वमा तनाव कम गर्न आह्वान

***ब्रसेल्स (बेल्जियम), चैत ६ गते ।*** संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र इजरायललाई कडा चेतावनी दिँदै मध्यपूर्वमा व्याप्त द्वन्द्वको तुरुन्तै अन्त्य गर्न आग्रह गर्नु भएको छ ।

सामाजिक सञ्जाल एक्समा गुटेरेसले सन्देश प्रवाह गर्दै संयुक्त राज्य अमेरिका र इजरायललाई यो युद्ध अन्त्य गर्ने उत्तम समय भएको बताउनु भएको छ । जुन नियन्त्रणबाट बाहिर निस्कने जोखिम उठाउँदै छ । युद्धले विश्वव्यापी अर्थतन्त्रमा नकरात्मक प्रभाव पार्दै कम विकसित देशहरूका लागि दुखद परिणाम निम्त्याइरहेको उहाँले बताउनु भएको छ ।



यसैगरी इरानलाई आफ्ना छिमेकीहरूमाथिको आक्रमण गर्न बन्द गर्न आह्वान गर्दै, तिनीहरू कहिल्यै द्वन्द्वमा सहभागी नभएको उहाँले बताउनु भएको छ । सुरक्षा परिषद्ले यी आक्रमणहरूको निन्दा गर्दै तत्काल रोक्न आदेश दिएको छ । होर्मुजको जलमार्ग लामो समयसम्म बन्द हुँदा संसारभरका मानिसहरूका लागि ठूलो पीडा हुने बताउदै परिषद्ले यसको द्वन्द्वसँग

अफ होर्मुज खोल्ने आदेश दिएको छ । परिषदले कानूनले बलमाथि प्रभुत्व जमाउने समय भएको जनाउदै यसले यो युद्धमाथि कुटनीतिको विजय हुने समय भएको जनाएको छ । गुटेरेसको टिप्पणी हालै क्षेत्रीय पूर्वाधारलाई लक्षित गरी इरानी आक्रमणको प्रतिक्रियामा आएको छ । जसले मध्य पूर्वमा तनाव बढाउनुका साथै विश्वव्यापी ऊर्जा आपूर्तिमा चिन्ता बढाएको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि तत्काल द्वन्द्व समाधानको आवश्यकतामा जोड मध्यपूर्वमा स्थिरता पुनर्स्थापना गर्न ठोस शान्ति योजना ल्याउनु पर्ने बताउनु भएको छ ।

यसैबीच बेलायती प्रधानमन्त्री कीर स्टारमरले कतारी ग्यास सुविधामा भएको इरानी आक्रमणको निन्दा गर्नु भएको छ। विश्वव्यापी रुपमा नेताहरूको द्वन्द्वलाई अझ बढ्नबाट रोक्न र व्यापक मानवीय र आर्थिक सङ्कटहरू सिर्जना नगर्न र संयम भई स्वतन्त्रताको पुनर्स्थापना र तत्काल कूटनीतिक तथा ठोस शान्ति प्रक्रिको आह्वानको लागि अनुरोध गरेका छन् ।

## मधेश ...

कानुनी दृष्टिले, सूचना लुकाउने, फर्जी पास वितरण र सार्वजनिक सेवामा अनियमितता गर्नु सूचना हक ऐन, २०६४ र अन्य प्रशासनिक नियमावली अनुसार दण्डनीय छ। यस्ता गतिविधि रोक्न, दायित्व पूरा गर्न र पारदर्शिता सुनिश्चित गर्न सम्बन्धित निकायहरू सक्रिय हुनुपर्ने स्थानीयहरूको माग छ।

स्थानीयहरूले सरकार र सम्बन्धित निकायलाई कार्यालय प्रमुख साहको दुरुपयोगको छानबिन गरी कारवाही गर्न आग्रह गरेका छन्, ताकि भविष्यमा सेवाग्राहीमाथि हुने अन्याय र दुर्घटनाको जोखिम कम होस्।

यसरी कार्यालयको जरा देखि टुप्पोसम्म फैलिएको अनियमितता र लाइसेन्स वितरणको जालो सार्वजनिक भएको छ।

या विषयमा कार्यालय प्रमुख साह सँग प्रतिक्रिया लिदा ठाडै भाषामा किन सार्बजनिक गर्नु पर्यो? मेरो मर्जी, मेरो पहुँच माथिसम्म छ भन्दै जवाफ दिए। अख्तियारको नाम बदनाम गर्दै सेवाग्राहीलाई दम्भको भाषा प्रयोग गर्ने गरेको जनगुनासो व्यापक छ।

## बाराबाट भारत ...

लगाएका छन्।

खुला सीमाको फाइदा उठाउँदै भइरहेको यस्ता गतिविधिले राज्यको राजस्वमा ठूलो क्षति पुऱ्याइरहेको छ भने सीमाक्षेत्रको सुरक्षा प्रणाली कमजोर बन्दै गएको संकेत मिलेको छ। "पहिलेभन्दा अहिले तस्करी झनै बढेको छ," स्थानीयले गुनासो गर्दै कडा निगरानी र प्रभावकारी नियन्त्रणको माग गरेका छन्।

यसैबीच, सुरक्षा निकायले पछिल्लो कारबाहीलाई आधार मानेर अवैध तस्करी नियन्त्रणमा थप कडाइ गरिने जनाएको छ।

## नेपालभर ...

भाईचारालाई अझ मजबुत बनाउँछ। घर-घरमा सेवई, खीर लगायतका मिठा परिकार तयार गरी परिवार, आफन्त र छिमेकीसँग बाँड्ने चलनले सामाजिक सम्बन्धलाई सुदृढ बनाउने विश्वास गरिन्छ।

बारा, पर्सा, रौतहट, सिरहा लगायत तराई-मधेसका जिल्लामा ईद विशेष उत्साहका साथ मनाइँदै आएको छ। स्थानीय मस्जिदहरूमा बिहानैदेखि नमाज अदा गर्न श्रद्धालुहरूको उल्लेख्य उपस्थिति देखिएको छ।

ईद-उल-फित्र इस्लाम धर्मका प्रवर्तक हजरत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को समयदेखि सुरु भएको मानिन्छ। रोजा पूरा गरेपछि अल्लाहप्रति कृतज्ञता व्यक्त गर्दै खुशीयाली साटासाट गर्ने उद्देश्यले यस पर्वको सुरुवात भएको धार्मिक विश्वास छ। 'ईद-उल-फित्र'को अर्थ नै रोजा समाप्त भएको दिन हो, जसलाई आत्मसंयम, त्याग र आस्थाको सफलताको उत्सवका रूपमा लिइन्छ।

यो पर्वले त्याग, सहिष्णुता, समानता र मानवताप्रतिको दायित्वको सन्देश दिन्छ। गरिब तथा विपन्नलाई सहयोग गर्ने, आपसी द्वेष त्याग्ने र समाजमा मेलमिलाप कायम गर्ने सन्देश ईदको मूल मर्मका रूपमा लिइन्छ।

यस अवसरमा सरकार तथा विभिन्न संघ-संस्थाले पनि शुभकामना व्यक्त गर्दै देशमा शान्ति, सहअस्तित्व र समृद्धिको कामना गरेका छन्।

## कांग्रेस ...

मतमा रूपान्तरण गऱ्यो," प्रतिवेदनमा उल्लेख छ।

गठबन्धन सरकारको प्रस्तुति औसत रहेको र संविधान, संघीयता र शिक्षा विधेयक जस्ता महत्वपूर्ण मुद्दामा ढिलाइ र अपूर्णता रहेको प्रतिवेदनमा बताइएको छ। बजेट निर्माणमा ढिलाइ, सामाजिक सञ्जाल सम्बन्धी विधेयक बिना सहमति दर्ता हुनु जस्ता घटना नागरिकमा असन्तुष्टि बढाउने कारक बने।

शर्माको निष्कर्ष अनुसार, गठबन्धनको अपारदर्शिता, सत्तापक्षीय निर्णयमा त्रुटि र प्रतिपक्षको कमजोर प्रस्तुतिले पार्टीलाई चुनावी पराजयको स्थितिमा पुऱ्याएको हो।

## पश्चिम एसिया युद्ध ट्रम्प–साने भेट अर्थपूर्ण

काठमाडौँ, चैत ६ गते । पश्चिम एसियामा चर्किएको युद्ध र रणनीतिक स्ट्रेट अफ हर्मुजको सुरक्षालाई लिएर बढ्दो अन्तर्राष्ट्रिय दबाबबिच जापानका प्रधानमन्त्री साने ताकाइची र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच ह्वाइट हाउसमा भेटवार्ता भएको छ।




यसअघि सामान्य द्विपक्षीय समन्वय र सम्बन्ध सुदृढीकरणमा केन्द्रित हुने अपेक्षा गरिएको भेट इरानसँगको युद्ध र त्यसले सिर्जना गरेको सुरक्षा सङ्कटका कारण जटिल बनेको अमेरिकी समाचार संस्था एपीले जनाएको हो। ट्रम्पले जापानसहित आफ्ना सहयोगी राष्ट्रले हर्मुज जलमार्गको सुरक्षामा अपेक्षित सहयोग नगरेको भन्दै सार्वजनिक रूपमा असन्तुष्टि जनाउँदै आउनुभएको छ। जापानले अमेरिकी-इजरायली सैन्य अभियानमा आफ्ना युद्धपोत पठाउने प्रस्ताव अस्वीकार गरिसकेको छ। यसले दुई देशबिचको सुरक्षा समन्वयमा तनाव बढाएको छ। एसिया समूहका अध्यक्ष तथा पूर्वअमेरिकी कूटनीतिज्ञ कर्ट क्याम्पबेलका अनुसार ट्रम्पले सानेमाथि उच्चस्तरको दबाब दिने सम्भावना रहेको छ र यस्तो संवेदनशील भेट दुर्लभ मानिन्छरु।

सानेले जापानलाई पश्चिम एसियामा अमेरिकी योजनाको साझेदारका रूपमा प्रस्तुत गर्ने सन्तुलित उपाय खोज्ने प्रयास गर्नुभएको छ।

दोस्रो विश्वयुद्धपछिको संविधानले जापानलाई आफ्नो भूभागको रक्षाबाहेक सैन्य शक्ति प्रयोगमा प्रतिबन्ध लगाएको छ, जसका कारण जापानको सेना 'आत्मरक्षा बल' का रूपमा सीमित छरु। यद्यपि विश्लेषकका अनुसार जापानले समुद्री माइन हटाउने कार्य वा सीमित नौसैनिक उपस्थिति जस्ता सहयोग गर्न सक्ने सम्भावना भने रहन्छ तर अमेरिकी सैन्य अभियानमा प्रत्यक्ष संलग्न हुन 'सामूहिक आत्मरक्षा' को प्रावधान सक्रिय गर्नुपर्ने हुन्छ।

## वीरगञ्ज ...

शङ्काका आधारमा ट्रक नियन्त्रणमा लिएर थप अनुसन्धानको लागि राजस्व अनुसन्धान विभागमा पठाएको थियो। अनुसन्धानले देखाएको तथ्यले भन्सार प्रशासनमाथि गम्भीर प्रश्न खडा गरेको छ।

विश्लेषकहरूले भनेका छन् कि एउटै ट्रकमा यति ठूलो हिनामिनाले देखाउँछ कि दैनिक सयौँ ट्रकमार्फत आउने सामानमा कति ठूलो मात्रामा राजस्व चुहावट भइरहेको हुन सक्छ, र यसले राज्यको ढुकुटीमा ठूलो घाटा पुऱ्याउँछ।

भन्सार प्रशासनका प्रमुख प्रशासक कृष्ण प्रसाद मैनालीसहित सम्बन्धित कर्मचारीहरूको भूमिका पनि प्रश्नको घेरामा परेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत सम्बन्धित निकायहरूले पनि यस विषयमा छानबिन नलागेकाले सार्वजनिकमा चिन्ता बढेको छ।

भन्सार कार्यालयका प्रवक्ता उदय सिंह विष्टले प्रतिक्रिया दिन अस्वीकार गरेका छन्। यस घटनाले भन्सार प्रणालीमा पारदर्शिता, कडा निगरानी र प्रभावकारी सुधारको तत्काल आवश्यकता पुनः उजागर गरेको छ।

## पर्सामा नयाँ पर्यटकीय गन्तव्य: कोइलाभर जङ्गल रिसोर्ट शुक्रवार देखि सञ्चालनमा

***६ चैत्र, वीरगञ्ज, पर्सा –*** पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिका-१ स्थित मधुवन मथवल क्षेत्रको सुन्दर जंगल नजिकै आजदेखि 'कोइलाभर जङ्गल रिसोर्ट' औपचारिक रूपमा सञ्चालनमा आएको छ।

रिसोर्टका सञ्चालक सुशील पटेलका अनुसार, यस स्थलको मुख्य उद्देश्य पर्यटकहरूलाई प्राकृतिक वातावरणमा शान्ति, आराम र विश्रामको अनुभव प्रदान गर्नु हो। भित्री तयारी र पूर्वाधार निर्माणका केही महिनापछि आज विशेष कार्यक्रमका बीच रिसोर्टको उद्घाटन गरिएको हो।



रिसोर्टले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई लक्षित गर्दै "जङ्गलको सपना जीवित, सास फेर्न, आराम गर्न र अन्वेषण गर्न तयार हुनुहोस्" भन्ने नारालाई अघि सारेको छ। यहाँ आधुनिक सुविधा सम्पन्न आरामदायी आवास कोठा, विभिन्न नेपाली तथा अन्तर्राष्ट्रिय स्वादका खानाका विकल्प उपलब्ध छन्।

कोइलाभर क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको नजिक पर्ने भएकाले पर्यटकहरूले वन्यजन्तु र जैविक विविधताको अवलोकन गर्न सहज पहुँच पाउने सम्भावना पनि छ। रिसोर्टले प्राकृतिक संरक्षण र आधुनिक सुविधा सँगै सञ्चालन गर्ने योजना बनाएको छ।

सञ्चालक पटेलले भने, "रिसोर्टले स्थानीय पर्यटन विकासमा नयाँ आयाम थप्ने विश्वास राखेको छ। परिवारसहित समय बिताउन चाहने र शहरको भिडभाडबाट टाढा शान्त वातावरणमा विश्राम खोज्ने सबैका लागि यो नयाँ गन्तव्य उपयोगी हुनेछ।"

'कोइलाभर जङ्गल रिसोर्ट'ले पर्सा जिल्लालाई पर्यटकीय दृष्टिले थप चम्किलो बनाउने र पर्यटक आकर्षित गर्ने अपेक्षा राखिएको छ

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



# सिरहा बम विस्फोटको आशंकामा लेखापढी व्यवसायी पक्राउ

**६ चैत्र,सिरहा –**
सिरहा जिल्ला अदालत अगाडि रहेको बार एसोसिएसनको कार्यालयमा भएको कुकर बम विस्फोट घटनामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सुखिपुर नगरपालिका–३ का गुमस्ता यादव रहेका छन्।



जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार, गुमस्ता यादवले अदालत अगाडि कार्यालय खोलेर लेखापढी व्यवसाय गर्दै आएका थिए। प्रहरीले शङ्काको आधारमा उनलाई नियन्त्रणमा लिएको र चार दिनदेखि अनुसन्धान जारी रहेको बताएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले भने, "अनुसन्धान निष्कर्ष नआएसम्म थप विवरण सार्वजनिक गरिने छैन।"

यस घटनाअघि फागुन २७ गते बार एसोसिएसनको कार्यालयमा कुकर बम विस्फोट भएको थियो। विस्फोटमा सिरहा नगरपालिका–१ का कर्मचारी सौरभ यादव घाइते भएका थिए र उनको खुट्टामा चोट लागेको थियो। त्यस्तै, विस्फोटले कार्यालयको कम्प्युटर र अन्य सामग्रीमा क्षति पुर्‍याएको थियो।

प्रहरीले घटनाको पूर्ण अनुसन्धान गर्दैछ र दोषीलाई कानुनी दायरामा ल्याउने तयारी गरेको जनाएको छ।

# वीरगञ्ज भन्सारमा करोडौंको राजस्व चुहावट, "अन्डर बिलिङ" मार्फत ठूला अनियमितता

६ चैत्र, वीरगञ्ज –
देशकै प्रमुख नाका मानिने वीरगञ्ज भन्सार कार्यालयमा ठूलो परिमाणमा राजस्व चुहावट भइरहेको गम्भीर आरोप सार्वजनिक भएको छ। भन्सार प्रशासन, कर्मचारी र जाँच प्रक्रियामा संलग्न केही व्यक्तिहरूबीच मिलेमतो भई दैनिक करोडौं रुपैयाँ बराबरको राजस्व हिनामिना भइरहेको दाबी गरिएको छ।




स्रोतका अनुसार, फागुन २५ गते "सुनौलो साझा ढुवानी" मार्फत ना.७ ख. २४१६ नम्बरको ट्रकले मोटर पार्ट्स, हार्डवेयर सामग्री, कपडा, चस्मा र चकलेट भन्सार पास गरेको थियो। तर विभागीय अनुसन्धानमा ट्रकमा रहेका सामानको मूल्याङ्कनमा करिब ७५ प्रतिशतसम्म 'अन्डर बिलिङ' भएको पत्ता लागेको छ। सोही आधारमा ट्रकका मालिकलाई १९ लाख ३५ हजार रुपैयाँ जरिवाना तोकिएको बताइएको छ।

जिल्ला प्रहरी कार्यालय ललितपुरले

बाँकी तेस्रो पृष्ठमा

# मध्यपूर्व तनावबीच नेपाली सुरक्षित? ८२ हजारले विवरण दर्ता, असुरक्षाको चिन्ता घट्दै

६ चैत्र, काठमाडौं –
मध्यपूर्व क्षेत्रमा बढ्दो भू-राजनीतिक तनावबीच त्यहाँ रहेका नेपाली नागरिकहरूको अवस्थाबारे परराष्ट्र मन्त्रालय ले पछिल्लो तथ्यांक सार्वजनिक गरेको छ। मन्त्रालयका अनुसार हालसम्म ८२ हजार १ सय नेपालीले कन्सुलर सेवा विभागको अनलाइन प्रणालीमा आफ्नो विवरण दर्ता गराएका छन्।




प्रवक्ता लोकबहादुर क्षेत्री का अनुसार प्रारम्भमा करिब ६ हजार जनाले आफू असुरक्षित रहेको जानकारी गराए पनि पछिल्लो समय यस्तो चिन्ता क्रमशः घट्दै गएको देखिएको छ।

इजरायल, अमेरिका र इरानबीच बढ्दो तनावका कारण नेपालीहरूबाट मन्त्रालयको आपतकालीन कक्षमा उल्लेख्य सम्पर्क भएको छ। अहिलेसम्म ७८ वटा कलसहित कुल १ सय ७० पटक सम्पर्क भएको मन्त्रालयले जनाएको छ।


सरकारले मध्यपूर्वस्थित आफ्ना १० कूटनीतिक नियोगमार्फत नेपालीहरूको अवस्था निरन्तर निगरानीमा राखेको छ। समस्यामा परेकाहरूलाई आवश्यक सहयोग र समन्वय गरिरहेको मन्त्रालयले जनाएको छ।

प्रवक्ता क्षेत्रीका अनुसार हाल कुनै पनि नेपाली नागरिक ट्रान्जिटमा अलपत्र परेको अवस्था छैन। जेद्दामा रहेका ५२ जना हजयात्रीहरू पनि सुरक्षित रूपमा स्वदेश फर्किसकेका छन्।

मन्त्रालयले आवश्यक परेमा उद्धारका लागि तयारी अवस्थामा रहेको स्पष्ट पार्दै मध्यपूर्वमा रहेका नेपालीहरूलाई सतर्क रहन र आधिकारिक माध्यममार्फत सम्पर्कमा रहन आग्रह गरेको छ।

# चट्याङ लाग्दा ३ घाइते, ३ बाख्रा मृत्यु

**६ चैत्र,गुल्मी**
शुक्रबार दिउँसो गुल्मीको मालिका गाउँपालिका–२ दर्लिङमा परेको चट्याङले तीनजनालाई घाइते बनाएको छ भने तीनवटा बाख्राको मृत्यु भएको छ।



घाइतेमध्ये ३२ वर्षकी गोमा खड्का, २८ वर्षकी निरु खड्का र २९ वर्षका विष्णु खड्का छन्। प्रहरीका अनुसार, घाइतेमध्ये एकको अवस्था गम्भीर रहेको छ। घाइतेहरूलाई तत्काल गुल्मी अस्पतालमा उपचारका लागि पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक (डीएसपी) गंगाबहादुर सारुले जानकारी दिँदै भने, "घटनास्थल वर्षा र चट्याङको समयमा खुला रहेको हुँदा स्थानीयवासीहरूलाई तत्काल सुरक्षित स्थानमा प्रवेश गर्न र सतर्क रहन सचेत गराइएको छ।"

त्यसैगरी, सोही ठाउँमा चट्याङ लाग्दा तीनवटा बाख्राको मृत्यु भएको छ। स्थानीय बासिन्दाहरूका अनुसार, अचानक परेको चट्याङ र वर्षाका कारण डर र आतंक फैलिएको थियो। प्रहरीले घटना स्थलको निरीक्षण गरिसकेपछि भविष्यमा यस्ता दुर्घटनाबाट बच्न स्थानीयलाई सावधानी अपनाउन आग्रह गरेको छ।

यो घटनाले वर्षा र चट्याङको समयमा खुला ठाउँमा बस्दा जोखिम कति बढ्छ भन्ने देखाएको छ। स्थानीय प्रशासनले पनि आवश्यक चेतावनी प्रणाली र जनचेतना कार्यक्रम अघि बढाउने तयारी गरेको छ।

# कांग्रेस उपसभापति शर्माले गरे चुनाव हारको समीक्षा

**६ चैत्र, काठमाडौं –**
नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टीको पछिल्लो निर्वाचनमा परेको पराजयको कारणबारे गहन समीक्षा गरेका छन्। आज बसेको केन्द्रीय समिति बैठकमा उनले २७ बुँदे राजनीतिक प्रतिवेदन पेस गर्दै कांग्रेसको रणनीति, गठबन्धन र सत्तापक्षीय निर्णयका कमजोरीहरू उजागर गरेका हुन्।



प्रतिवेदनमा शर्मा भन्छन् कि कांग्रेस-एमाले गठबन्धन सरकारले नागरिक र पार्टी पक्तिमा असन्तुष्टि बढाएको छ। उनका अनुसार, संसद् र संविधान संरक्षणका लागि गठबन्धन आवश्यक थियो, तर चुनाव जित्ने उपकरणको रूपमा प्रयोग भएपछि यसले पार्टी भित्र गहिरो असन्तोष बीजारोपण गर्‍यो। "गठबन्धन शब्द नै क्रमशः नागरिकमा अलोकप्रिय बन्न पुगेको थियो। नागरिकमा रोष र आक्रोशको वृद्धि यसले बल पुर्‍यायो," प्रतिवेदनमा भनिएको छ।

शर्माले सत्तापक्षीय काम र प्रतिपक्षको कमजोरीलाई पनि चुनाव हारको महत्वपूर्ण कारण ठहराएका छन्। प्रतिवेदन अनुसार, प्रमुख दुई दलमा संवाद र निर्णय पारदर्शी नभएकोले संसद्मा नागरिकको असन्तुष्टि सही ढंगले प्रतिनिधित्व हुन सकेन।

"प्रतिपक्ष कमजोर हुँदा असन्तुष्टि सडक र सामाजिक सञ्जालतर्फ गएको छ। जेनजी विद्रोहले त्यसलाई

बाँकी तेस्रो पृष्ठमा

# भीमफेदीमा पहिरो खस्दा कान्ति लोकपथ अवरुद्ध

६ चैत्र, काठमान्डौ।
मकवानपुर – काठमाडौं र हेटौंडालाई जोड्ने कान्ति लोकपथ शुक्रबार अवरुद्ध भएको छ। भीमफेदी–८, गंगटेस्थित सडकखण्डमा आएको पहिरोले सडकमा आएको ठूला ढुङ्गा र माटोले यातायात पूर्ण रूपमा रोकिएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले स्थानीय तह र सडक डिभिजन कार्यालयसँगको समन्वयमा पहिरो हटाउने प्रयास भइरहेको जानकारी दिएको छ। प्रहरीका अनुसार, सुरक्षा जोखिमका कारण सडक अवरुद्ध क्षेत्र नजिक नजान स्थानीय र यात्रुलाई आग्रह गरिएको छ।

सडक अवरुद्ध भएपछि काठमाडौं-हेटौंडा र भीमफेदीका यात्रुहरू र मालवाहनका साधनहरू रोकिएका छन्। जिल्ला प्रहरी कार्यालयले वैकल्पिक मार्ग प्रयोग गर्न सुझाएको छ र पहिरो हटाउने काम सतत जारी रहेको जनाएको छ।

स्थानीय बासिन्दा र चालकहरूले वर्षासँगै आएको पहिरोले यातायातमा ठूलो समस्या निम्त्याएको बताएका छन्। प्रारम्भिक अनुमानअनुसार, पहिरो हटाउन केही घण्टा लाग्ने सम्भावना रहेको छ। प्रशासनले सुरक्षा व्यवस्था कडा पार्दै, सडक खोल्न सक्दो छिटो प्रयास जारी राखेको छ।

यो घटनाले वर्षा र पहिरोको समयमा पहाडी मार्गमा यात्रा गर्दा हुने जोखिमलाई पुनः उजागर गरेको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन,
बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

सोनु सेकुवा कर्नर
पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
– विभिन्न प्रकारका सेकुवा
– लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
– ताजा मासुका खाजा तथा खाना
– स्वादिलो नेपाली खाना
– सफा तथा आरामदायी वातावरण
– परिवार र साथीभाइसँग आउन उपयुक्त
– सुपथ मूल्यमा उत्कृष्ट स्वाद

